फोन: ०६१५०६४०४

# माादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### थुमाकोडाँडा, कास्की

### गण्डकी प्रदेश, नेपाल

माादी गाउँपालिका

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन संकलन सम्बन्धी सूचना ।।**

**सूचना प्रकाशित मिति-२०८०/१०/२८ गते**

रोजगारीको हक सम्बन्धी ऐन २०७४ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सजालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सामाजिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक एक आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवरिक आय वार्षिक रु ६८,८००/- भन्दा कम रहेका **१८ देखि ५९** वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले **२०८० फागुन मसान्त** भित्रमा आफु स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगारको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित बडा कार्यालय, गाउँपालिकाको वेभसाइट www.madimunkaski.gov.np वा प्रधानमन्त्री रोजगार कार्यक्रमको बेभसाइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनको लागि आवश्यक कागजातहरु तपसिल बमोजिम रहेका छन् । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदन मात्र EMIS मा दर्ता गरिने हुदाँ सो बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**तपसिल**

१. सम्बन्धित व्यक्तिको फोटो र नागरिकताको प्रतिलिपि १/१ प्रति ।

२. परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता बुझे/नबुझे को विवरण) ।

३. आवश्यकतानुसार विवाह दर्ता तथा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि ।

४. वैकं खाताको विवरण ।

५. सम्वन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्वर ।

..............................

कमलप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

कमल प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत



मोबाईल : ९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००, Web Site :madimunkaski.gov.np ईमेल : madimunkaski@gmail.com